# रणजित् मल्लको सिकूचा मोहर

—पूर्णदास मानन्धर

रणजित् मल्ल जितामित्र मल्लका नाति र भूपतीन्द्र मल्लका छोरा थिए । आफ्ना पिता भूपतीन्द्र मल्लको देहावसान भएपछि रणजित् मल्ल ने० सं ८४२ तदनुसार ई० सं १७२२ मा तत्कालीन भक्तपुर राज्यको अधिपति बनेका थिए । केही समयको लागि यिनी तत्कालीन ललितपुर राज्यको पनि राजा भएका थिए । भक्तपुर राज्यका राजाहरूमध्येमा सबैभन्दा बढी ढाँचाका चाँदीका टक यिनको झण्डै आधा शताब्दी लामो अविच्छिन्न शासनकालमा चलेको थियो । हालसम्म जानकारीमा आए अनुसार यिनले ४ थरीका मोहर सादृश्य टक, तीन किसिमका सुकी जस्ता टक र तीनै प्रकारका चुन्दाम किंवा फुकिदाम प्रचलनमा ल्याएका थिए । तीन थरीका मोहर सादृश्य सिक्काका तसबीर नेपाली मुद्राशास्त्री श्री सत्यमोहन जोशीले आफ्नो 'नेपाली राष्ट्रिय मुद्रा' नामक पुस्तकमा छपाउनु भएको छ ।[1] त्यसै गरी बेलायती मुद्राशास्त्री श्री इ० एच० वाल्शले पाँच प्रकारका रणजित् मल्लका रजत मुद्राको वर्णन गरी ४ प्रकारका मुद्राका प्लास्टर प्रतिकृतिका (Plaster replica) तसबीर छपाउनु भएको छ ।[2] उहाँले छपाउनु भएको दुई किसिमका टक जोशीज्यूले प्रकाशित गर्नु भएको मुद्राको तसबीरसित मेल खान्छ । रणजित् मल्लका एक किसिमको मोहर जस्तो सिक्काको ढाँचा यीभन्दा पूर्ववर्ती राजा द्वय जगत्प्रकाश मल्ल र भूपतीन्द्र मल्लका टकको ढाँचासित सामञ्जस्य कायम गर्दछ ।[3] त्यसैगरी पार्श्व भागमा त्रिकोणभित्र अंकुश र पाश भएको एक किसिमको चाँदीको मुद्राको ढाँचा कान्तिपुरका राजा चक्रवर्तेन्द्र मल्लको मुद्रासित मिल्दछ ।[4] ने० सं ८४२ अंकित पछाडिपट्टि कलश अंकन गरिएको एक किसिमको सुकी आकारको मुद्रा पनि भूपतीन्द्र मल्लको ने० सं ८१६ अंकित मुद्रासित दुरुस्तै मिल्छ ।[5] जोशीज्यूले रणजित् मल्ल पाटनका राजा हुँदाताका निष्काशन गरेको ने० सं ८८२ अंकित चाँदीको मोहरको तसबीर पनि छाप्नु भएको छ ।[6] डा० डिल्लीरमण रेग्मीज्यूले यस मुद्राको विवरण दिनु भएको छ । उहाँका अनुसार पाटन मूलचोकको पूर्वी दलानको माथि टाँगिएको ताम्रपत्रमा माथि बायाँतिर मारिएको राजकीय छापसित यो मुद्रा मिल्दछ ।[7] अर्का विद्वान् डेभिड डब्लु म्याक्डावाल्डज्यूले पनि रणजित् मल्लका चाँदीका केही मुद्राहरूको विवरण दिनु भएको छ ।[8] अहिलेसम्म हामीले यहाँ उल्लेख गरेका सबै मुद्राहरू धातु (चाँदी) बाट निर्मित हुन् ।

मुद्राको सिलसिलामा मध्यपुर अथवा ठिमीबाट प्राप्त एउटा ऐतिहासिक कागजपत्रमा रणजित् मल्लको नामको साथमा एउटा "सिकूचा मोहर" को पनि उल्लेख गरिएको छ । उक्त कागजपत्रमा यस अलावा 'भिगुदाम', 'पोलदाम', 'चूपोलदाम', 'च्वासिलि मोहर', 'घसि मोहर', ङाकाच्छा मोहर', ङासुषी (५ सुकी?) मोहर', 'ङाशुषी दामपोल', 'ह्याउँ मोहर', 'छतु मोहर' र 'भूयू दांपोल' आदि मुद्रा सूचक शब्दहरू उल्लेख गरिएको पाइन्छ ।[9] यी मुद्राहरूमध्ये 'ङासुषी मोहर' रणजित्

मल्ल पाटनका राजा हुँदा चलाएको ठूलो चाँदीको मोहर भनी डा० वैद्यले लेख्नु भएको छ।[10] यस ऐतिहासिक कागजपत्रको प्रकाशनपूर्व कुनै पनि यस्ता मुद्रा सूचक शब्दहरू जानकारीमा आएको थिएन । यस कागजपत्रको प्रकाशनबाट मल्लकालीन मुद्राशास्त्र अध्येताहरूको लागि एउटा पदाक्रान्त भइनसकेको अभिनव अन्वेषण क्षेत्रको रूपमा हाम्रो अगाडि तेर्सिन आएको छ ।

यहाँ आगामी पंक्तिहरूमा अन्य सबै मुद्रासूचक शब्दहरूलाई एकातिर थान्को लगाई खाली 'सिकूचा मोहर' को बारेमा मात्रै छलफल गरिनेछ। यस मोहरको उल्लेख ने. सं. ८४२ देखि ८७३ सम्म गरिएको पाइन्छ। देवीचन्द्र श्रेष्ठले 'सिकूचा मोहर' मल्लकालीक मोहरमा स्तरीय मानिएको थियो भनी लेख्नुभएको छ।

संस्कृत भाषामा 'सिकूचा' शब्दले कुनै पनि अर्थबोधन गर्दैन। यो शब्द तिब्बती-बर्मेली भाषा परिवार अन्तर्गत पर्ने नेवारी भाषाको जस्तो प्रतीत हुन्छ। हान्स जोर्गेन्सनको 'क्लासिकल नेवारी डिक्सनरी' नामक शब्दकोशमा 'सिकूचा' शब्दको अर्थ पाइँदैन । नेवारीमा 'सियु' पदको अर्थ कैलो, खैरो भन्ने हुन्छ। त्यसैगरी 'चा' शब्दको अर्थ माटो रातो भन्ने हुन्छ। 'चा' शब्दले न्यूनता र अल्पता पनि जनाउँछ नेवारी भाषामा । भक्तपुर र काठमाडौंमा बोलिने नेवारी भाषामा केही भिन्नता छ। त्यसैगरी दोलखाली नेवारीमा पनि केही भेद भएको पाइन्छ। यस्तै क्षेत्र अनुसार भाषामा अलि विविधता भएको कारणले गर्दा शब्दमा पनि प्रभाव परी शायद उक्त पत्र लेखिएको समयतिर ठिमीमा 'सियु'-लाई 'सिकु' भनिन्थ्यो होला। सम्भवतः, ठिमी (ठिमीमा लेखिएको ?) बाट प्राप्त त्यस ऐतिहासिक-पत्रमा लिपिकारले 'सिकुचा' लाई हेलचक्र्याइँ गरी वा व्याकरणसम्बन्धी अज्ञानतावश 'सिकूचा' लेख्न पुगेको होला।[12] यसो हुन जानु कुनै अस्वाभाविक कुरा होइन। 'सिकूचा' शब्दको अर्थ खुम्चेको माटो (shrinked clay) पनि हुन्छ।[13] अब यदि 'सिकूचा मोहर'-लाई 'सियुचा मोहर' गरी पढ्ने हो भने त्यसको अर्थ कैलो वा खैरो माटोको मोहर हुन्छ। कुमालेहरूले माटाका भाँडा-बर्तनहरू बनाउन अनेक थरीका 'चा' (माटो) हरूको प्रयोग गर्दछन्। उदाहरणको लागि जस्तैः गिगिचा, हाकुचा, फिकिचा, गुंगुचा, लुंचा, सिचिचा, देचा, म्वंचा, म्हासुचा र वाचा आदि।[14] आजभोलि लिपपोत गर्ने रातोमाटोलाई स्युचा (सियुचा) भनिन्छ। यसरी, के त अब रणजित् मल्लले चाँदीको अलावा माटोको पनि मुद्रा निकालेका होलान् त ? यो बडो महत्त्वपूर्ण प्रश्न हो। यस सोधाइको जवाफमा सम्भाव्यता नभएको चाहिं अवश्य होइन ।

केही समय अघि मल्लकालीन मुद्राहरूको अध्ययनको सिलसिलामा एउटा माटोको अगाडि–पछाडि दुवै भागतिर चाँदीको मुद्रामा भएकै जस्तो आकार, ढाँचा अङ्कन गरिएको आठ खोसो भएको बाक्लो मुद्रा (?) जानकारीमा आएको थियो (हेर्नुस्, चित्र संख्या १ को दोस्रो मुद्रा विशेष)।[1] यो अलि कैलो रङ्गको लस्सादार माटोबाट निर्मित छ।[16] यो पोलिएको ( terra-cotta ) छैन अर्थात् यसलाई मृण्मय भन्न मिल्दैन बरू मृत्तिका भन्नु समीचीन जँच्दछ। यो माटोको मुद्रा (?) मा अङ्कित (साँचोबाट झिकिएको) सबै बनोट, सिंगार चाँदीको मुद्रामा अङ्कित ढाँचासित हुबहु समानता राख्दछ। तर चाँदीको मुद्रामा अङ्कित संवत्को एक-स्थानी अङ्क र टाँचा मारिएको ढङ्ग माटोको मुद्रा (?) मा अलिकति फरक छ। पाठकवर्गको सजिलोको लागि यहाँ तुलनात्मक रूपमा हेर्न तीनवटा तसवीर प्रस्तुत गरिएका छन्।[17]

माटोको मुद्रा (?) को अगाडिपट्टि मध्यभागमा अर्धगोलाकृति रेखा भएको चौकोरजस्तो भित्र तीन हरफमा तत्कालीन प्रचलित मल्ललिपि किंवा नेवारी-लिपीमा "श्री श्री ज य र ण जि त (त्) म ल्ल दे व" वाक्यांश अङ्कन गरिएको छ। त्यसको ऊर्ध्वभागमा अस्पष्ट रूपमा एउटा सानो डमरूको आकृति अङ्कन गरिएको देखिन्छ। अनि वरिपरि चारैतिर अरबी लिपि (?) जस्तो देखिने बुट्टाहरू जुन स-साना सोझा, तेर्सा रेखा र थोप्लाहरू पनि देखिन्छ। तल्लो भागमा एउटा तेर्सो रेखामुनि ८४७ अङ्क देखिन्छ। चाँदीको टकमा चाहिं प्रष्टसित ८४१ अङ्क अङ्कन गरिएको छ। ती सबै

आकृतिहरूलाई एउटा वृत्तले परिवेष्ठन गरेको छ। त्यस बाहिर बिन्दुहरू अङ्कित छन्। ती थोप्लाहरू केही अष्टकोण पार्दा ठाउँ-ठाउँमा काटिएका छन्। प्रत्येक कोणको दुरी ८ मि० मी० छ। त्यसै गरी पार्श्वभागको ठीक मध्य-भागमा एउटा सानो वृत्त छ। त्यस चक्राभित्र प्रालम्ब सहित कलात्मक त्रिशूल देखिन्छ। वृत्तको वरिपरि बाहिरी भागमा ठाडा र तेर्सा रेखाहरूबाट निर्मित बुट्टाहरू र केही बिन्दुहरू छन्। (हेर्नुस् चित्र संख्या २) तलतिर 'ल' जस्तो आकृति भनौं या बुट्टा भनौं देखिन्छ। यी सबै आकृतिहरूलाई एउटा गोलो रेखाले घेरेको छ। बाहिरपट्टिबाट आठ चोसो पारिएकोले अग्रभागमा जस्तै थोप्ला थोप्लाहरू काटिएको भएकोले दृष्टिगोचर हुँदैन। मुद्रा (?) को सबभन्दा माथितिर रजत निर्मित टकमा जस्तै आभरण सहितको खड्ग (देव-देवीहरूले दक्षिण–बाहुलीमा धारण गर्ने किसिमको) जस्तो अस्पष्ट आकृति भएको पाइन्छ। यो मुद्रा (?) केही चिल्लो जस्तो देखिई टलक पनि भएको जस्तो भान पर्छ। अग्रभागको तुलनामा पछाडिको भाग केही खिइसकेको छ। चाँदीको सिक्कामा भन्दा मृत्तिका सिक्का(?) मा अङ्कन गरिएका बुट्टाहरू मसिना देखिन्छ।

चाँदीको र माटोको मुद्राको (?) नापतौल निम्न प्रकारको छ।[१०]

**चाँदीको मुद्रा**

| | |
|---|---|
| आकृति– | गोलो |
| व्यास– | २.६ से० मी० |
| मोटाइ– | १ मि० मी० |
| तौल– | ५ ग्रा०, ४५० मि० ग्रा० |

**माटोको मुद्रा (?)**

| | |
|---|---|
| आकृति– | आठकुने |
| व्यास– | २.४ से० मी० |
| मोटाइ– | ५ मि० मी० (चित्रसंख्या ३ हेर्नुस्) |
| तौल– | ३ ग्रा० २०० मि० ग्रा० |

चाँदीको मोहर बनाउन र यस माटोको मुद्रा (?) बनाउन एउटै किसिमको प्रविधि अपनाइएको छ अर्थात् दुवै प्रकारमा आकृति र लिपिहरू थासाको प्रयोग गरिएकोले माथि उठेका (embossed) छन्। यसलाई मूर्तिकलाको भाषामा बास रिलिफ (bas relief) वा सङ्क रिलिफ (sunk relief) भन्न सकिन्छ। माटोको मुद्रा (?) मात्रै किन बाक्लो र अष्टकोण युक्त गरेको होला, यो कुरा अनुसन्धेय नै छ। यदि धार्मिक उद्देश्य परिपूर्ति गर्नको लागि यो निर्मित भएको भए सिर्फ एकापट्टि मात्रै आकृतिमूलक हुनुपर्थ्यो होला। त्यस्ता किसिमका माटाका छापमा विभिन्न देव-देवीका नाम, आकृति, धारिणी स्तोत्र र मन्त्रहरू अङ्कन गरिएको पाइन्छ। तर यहाँ उल्लेख गरिएको मुद्रा (?) को दुवैतिर आकृति अंकित छ। चाँदीको सिक्कामा जस्तै राजाको नाम, साल समेत अंकन गरिएको छ। यी कुरा एउटा साधारण मुद्राको लागि अपरिहार्य छ। धातुको तुलनामा माटो शीघ्रनाश हुने स्वभाव भएको हुँदाहुँदै किन यस्तो मुद्रा (?) निर्माण गरियो होला भन्ने सवाल हाम्रो मनमा उत्पन्न हुन्छ।

हाम्रो देशमा प्राचीनकालदेखि नै सिक्काले उल्लेख गर्दा कुन बस्तुबाट निर्मित हो त्यस वस्तु (धातु) को पनि उल्लेख गर्ने परम्परा भएको पाइन्छ। उदाहरणको लागि जस्तै: ताम्र पण (तामाको पण), रूप्यदम्म (चाँदीको दम्म), सुवर्ण शिवका (सुनको शिवका), लुंदां (सुनको दाम), र वहदां (चाँदीको दाम) आदि। यसै गरी "सिकुचा मोहर" पनि "सिकू नामक माटोको वा खैरो माटोको मोहर" भनी अर्थ लगाउन शायद गाह्रो पर्ला जस्तो लाग्दैन होला। यसरी यस्तै किसिमका माटोको मुद्रा (?) लाई "सिकूचा मोहर" मान्ने त? यस बारेमा ठीक निर्यौल निकाल्न यस क्षेत्रमा अझ बढी अन्वेषणको आवश्यकता भएको छ। यो कुरा पनि अनुमानको परिधिबाट बाहिर पर्दैन होला कि। संभवत: रणजित् मल्लले यस्ता माटोको मुद्रा (?) विशेष भक्तपुरको कुनै वास्तु विशेष निर्माण गर्दा विभिन्न शिल्पीहरूलाई पारिश्रमिकको रूपमा बाँड्नको लागि तयार पार्न लगाएको हुनुपर्छ। त्यस्ता माटाका मुद्रा (?) केही निश्चित संख्यामा जम्मा भएपछि ती सबै फिर्ता लिई चाँदीकै टक प्रदान गरिन्थ्यो होला। यस्ता माटाका मुद्राहरू (?) सिद्धिनरसिंह मल्ल, विष्णु मल्ल र त्रिपुरा–

सुन्दरीका पनि नपाइने होइन।[१०] रणजित् मल्लको माटोको मुद्रा (?) प्रतापनरेन्द्र मल्लको माटोको मुद्राबाट प्रभावित भएको जस्तो देखिन्छ।[११] यस्ता माटोबाट निर्मित मुद्रा वा टक हाम्रो देशमा प्राचीनकालदेखि चलनचल्तिमा थियो वा थिएन भन्ने बारेमा विद्वान्हरूको मत समान भएको पाइँदैन।[१२]

## पाद-टिप्पणी

१. सत्यमोहन जोशी, 'नेपाली राष्ट्रिय मुद्रा', (ललितपुर: साझा प्रकाशन, दोस्रो संस्करण, २०४२), पाता संख्या ८४–८५, चित्रफलक

२. E. H Walsh, **'The Coinage of Nepal'** (Delhi: Indological Book House, 1973), plate II, nos, 4, 5, 6, and 7.

३. पूर्ववत्, चित्रफलक संख्या २ को मुद्रा संख्या १, र ३

४. ऐजन, मुद्रा संख्या ८ र १३।

५. त्यही, मुद्रा संख्या ५ र ६।

६. जोशी, पूर्ववत् चित्रफलक १०, मुद्रा संख्या २१।

७. D. R Regmi, **'Mediaeval Nepal'**, Part II (Calcutta: Firma K. L. Mukhopadhyay, 1966), Appendix III, pp. 1038-39.

८. David W. Macdawall, **'The Unpublished Denominations of Jaya Ranjita Malla of Bhatgaon'**, (Varanasi: The Journal of the Numismatic Society of India, vol. XIX, pt. II, 1957), pp. 195-97, plate III.

९. (क) तुलसीराम वैद्य, "ठिमीबाट प्राप्त ऐतिहासिक पत्र", (Kirtipur: Voice of History, Document Issue, History Instruction Committee, Tribhuvan University, vol. VIII, No. 2. 1982), पाता संख्या २४, ३१ र यत्रतत्र। उहाँले 'सिकूचा मोहा' लेख्नु भएको छ।

(ख) देवीचन्द्र श्रेष्ठ, "मल्लकालीन मुद्राहरू", (Swyambhoo: **Nepal Economic** Devichandra Shrestha, Vol. 1, No. 4+5, July+August, 1983,) पाता संख्या २४ र यत्रतत्र। उहाँले "सिकूचा मोहा" लेख्नु भएको छ। तर हामीले सजिलोको लागि "मोहर" पद प्रयोग गरेका छौं।

१०. तुलसीराम वैद्य, पूर्ववत्, पाता संख्या २४।


११. देवीचन्द्र श्रेष्ठ, पूर्ववत्, पाता संख्या २३।

१२. उक्त कागजपत्रको मूल-प्रति अगाडि राखी हेर्न पाइएको छैन। त्यहाँ कतिपय शब्दहरू अशुद्ध लेखिएका देखिन्छन्। त्यसैले यहाँ यस्तो अनुमान गरिएको हो।

१३. गत २०४२ असार ७ गते त्रि. वि. पाटन क्याम्पस, नेवारी शिक्षण समितिका उप प्राध्यापक तथा भाषा विशेषज्ञ काशीनाथ तमोटसित भएको छलफलको आधारमा।

१४. शान्तिप्रभा वज्राचार्य, "मल्लकालीन मृण्मय कला : एक अध्ययन", नेपाली इतिहास संस्कृति तथा पुरातत्त्व शास्त्र शिक्षण समितिमा प्रस्तुत तथा स्वीकृत अप्रकाशित टंकित शोध प्रबन्ध, त्रि. वि. कीर्तिपुर, २०३९, पाता संख्या १०४, १२०–२१


१५. यस माटोको मुद्रा [seal] विशेष तत्कालीन कानूनी ग्राह्यता [legal tender] वा कोश प्रवेश्य थियो वा थिएन, यो अनुसन्धेय नै छ। त्यसैले यहाँ मुद्रा शब्दपछाडि कोष्ठभित्र एउटा प्रश्न–चिह्न (?) दिइएको हो। यो माटोको मुद्रा (?) मा भएको ढाँचा वाल्शज्यूको पुस्तकको चित्र फलक संख्या ३ मा छापिएको तसवीर संख्या ४ र




(१) रणजित् मल्लको चाँदीको र माटोको मुद्रा (?) को अग्र भाग




(२) रणजित् मल्लको चाँदी र माटोको मुद्रा (?) को पृष्ठ भाग




(३) चाँदी र माटोको मुद्राको तुलनात्मक मोटाइ

जोशीज्यूको पुस्तकको चित्र फलक संख्या १० को मुद्रा संख्या ४ को ढाँचा जस्तै हो। यस्तो चाँदीको मुद्रा राष्ट्रिय मुद्रा संग्रहालय हनुमान् ढोकामा र राष्ट्रिय संग्रहालयमा हेर्न सकिन्छ। यस अतिरिक्त यस किसिमको मुद्रा अपेक्षाकृत पुरानो नभएकोले स्थानीय सराफीहरूको पसल र जनसाधारणका संग्रहमा पनि हेर्न सकिन्छ।

१६. हालको मुद्रा (?) यी पंक्तिका लेखकको संग्रहमा छ।

१७. प्रस्तुत चाँदीको टक माटोकोसित तुलनात्मक अध्ययनको लागि कीर्तिपुर बहुमुखी क्याम्पस, त्रि. वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व शास्त्र शिक्षण समितिका अन्तिम वर्षकी छात्रा सुश्री माला मल्लले उपलब्ध गराइदिएकी हुन्।

१८. मल्लकालीन मुद्राहरूमा देखिने यस्ता बुट्टा विशेषको उल्लेख वाल्शज्यूले आफ्नो ग्रन्थको पाता संख्या १८ र १९ मा गर्नु भएको छ।

१९. यी मुद्राका नापतौल लिने कार्यमा कीर्तिपुर बहुमुखी क्याम्पस, त्रि. वि., नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व शास्त्र शिक्षण समितिका पहिलो वर्षका छात्र मिलनरत्न शाक्य र जुद्ध सडकका क्रिष्टल जेम्सहरूले सहयोग गर्नु भएका थिए।

२०. रमेश ढुङ्गेल, "मौद्रिक परम्परा र केही नेपाली माटोका मुद्रा", Kirtipur: Contributions to Nepalese Studies, Vol. II, No. 2 April; 1984); p. 84.

२१. योगनरेन्द्र मल्लको आठकुने माटोको मोहर (?) अप्रकाशित छ।

२२. रमेश ढुङ्गेल; पूर्ववत्।